आज मिति २०७७ मंसिर २८ गते आईतबारको दिन दिउसो १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९६ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/०८/२६ गते नगर प्रमुखज्यूबाट मिति २०७७/०८/२८ गते बस्ने नगर कार्यपालिकाको ९६ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत सम्बन्धमा । | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.८२९, मिति २०७७/०८/१९ को पत्रबाट यस कार्यालयमा मिति २०७७/०८/२५ मा हाजिर हुनु भएका प्रमुख प्रशासकीय अधिकृत तुलसी बहादुर श्रेष्ठ ज्यूलाई यस नगरपालिका कार्यालयमा हार्दिक स्वागत गर्ने । |
| २. | ढुङ्गा बालुवा खानी, क्रसर, वासिङ उद्योग सम्बन्धमा । | • यस नगरपालिका भित्र रहेका नविकरण भई नियमानुसारको राजश्व समेत तिरेका नियम सम्मत भएका ढुङ्गा बालुवा खानी, क्रसर, वासिङ उद्योगहरु केही समय देखी सञ्चालनमा अबरुद्ध भई निर्माण सामग्रीको अभावमा यस नगरपालिकाको विकास निर्माण तथा भुकम्प प्रभावित आवास पुन निर्माणमा समेत असर पुगेको हुदाँ नियम सम्मत भएका उद्योगहरुलाई सञ्चालन गर्न समन्वय र सहयोगका लागी सम्बन्धित निकायहरुमा पत्राचार गर्ने । |
| ३. | काठमाडौं, दक्षिणकाली, कुलेखानी, हेटौडा यातायात प्रा.लि.को भाडा दर सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत यातायात सेवा प्रदान गरीरहेको काठमाडौं, दक्षिणकाली, कुलेखानी, हेटौडा यातायात प्रा.लि.ले बस भाडा दर वृद्धि गर्नको लागी यस कार्यालयमा अनुरोध गरेको हुदाँ समय सापेक्षित रुपमा भाडा दर वृद्धिको लागी यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौंमा सिफारिस गर्ने । |
| ४. | पूर्व कर्मचारी ठुलोकान्छा नगरकोटीलाई सहयोग सम्बन्धमा । | • यस नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयमा रात्री पालेको रुपमा साविक चाल्नाखेल गा.वि.स.हुदै विगत २२ वर्ष देखी हालसम्म कार्यरत कर्मचारी ठूलोकान्छा नगरकोटीको मिति २०७७/०७/१३ गते असामयिक निधन भएको हुदाँ निज करार सेवामा कार्यरत कर्मचारी भएको हुदाँ अवकाश पश्चात् कुनै पनी सुविधा नभएको हुदाँ निजको स्वास्थ्य उपचारमा भएको खर्च एवं काजक्रिया खर्च बापत रु.५०,०००।- (पचास हजार) निजको घर परिवारलाई उपलब्ध गराउने । |
| ५. | कानुनी सल्लाहकार सम्बन्धमा । | • यस नगरपालिका कार्यालय सञ्चालनमा आवश्यक हुने विभिन्न ऐन कानुन तयारी तथा दिनानुदिन बढ्दै गईरहेको कानुनी समस्याहरुलाई सहजीकरण गर्न थप एक जना कानुनी सल्लाहकार आवश्यक भएकोले उपयुक्त कानुनी सल्लाहकार परामर्श सेवा लिने । |
| ६. | कुष्ठ प्रभावितहरुका लागी औषधी वितरण सम्बन्धमा । | • यस नगरपालिका वडा नं.२ स्थित खोकना आरोग्य आश्रमको कुष्ठ प्रभावितहरुका लागी औषधी उपचार गर्दै आएको सेवा केन्द्र कुष्ठ निवारणलाई यस नगरपालिकाले निःशुल्क उपलब्ध गराउने औषधी उपलब्ध गराउने । |

प्रतिलिपि प्रमाणित

| | | |
|---|---|---|
| ७. | समवेदना सम्बन्धमा । | • यस कार्यपालिकाका सदस्य श्री राजेश परियारका पुजनिय पिता श्री कुमार बहादुर परियारको मिति २०७७/०८/[illegible] गते [illegible]बार असामयिक निधन भएको हुदाँ निज प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा हार्दीक समवेदना व्यक्त गरियो । |
| ८. | विविध । | • विभिन्न मितिहरुमा यस नगरपालिका कार्यालयमा निवेदन पेश भई रकम विनियोजनको लागी माग भएका तपसिल बमोजिमको आयोजना तथा कार्यक्रमहरुमा विपद व्यवस्थापन कोष तथा मर्मत सम्भार गर्न आवश्यक को सम्बन्धमा मर्मत सम्भार शिर्षकबाट निम्नानुसारको बजेट विनियोजन गर्ने । |

<u>तपसिल</u>

| क्र.सं. | आयोजनाको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १. | शान्ती वन बाटिका हुदैं भुमेडाडाँ जाने बाटोमा पर्खाल निर्माण, द.न.पा.५ | रु.५,००,०००।- | मर्मत सम्भार कोष |
| २. | गणेश मन्दिर निर्माण, निमिटोल, द.न.पा.७ | रु.४,००,०००।- | मर्मत सम्भार कोष |
| ३. | शिखरापुर क्याम्पस | रु.४,००,०००।- | मर्मत सम्भार कोष |
| ४. | लक्ष्मण महतको घर छेउ पर्खाल लगाउने | रु.१,००,०००।- | विपद व्यवस्थापन कोष |
| ५. | एघार घर ज्यामिरेको रुख देखी चमेली अधिकारीको घर सम्मको बाटो ढलान, द.न.पा.२ | रु.१,९०,०००।- | मर्मत सम्भार कोष |
| ६. | श्री सावित्री कृषि फर्म ट्रष्ट निर्माण, द.न.पा.८ | रु.२,००,०००।- | कृषकबाट ५० प्रतिशत लागत सहभागिता |
| ७. | सुदर्शन नगरकोटीको पसल क्षति मर्मत, द.न.पा.१ | रु.२५,०००।- | विपद व्यवस्थापन कोष |
| ८. | नाग मुर्ति संरक्षणको लागी ट्रष्ट निर्माण, द.न.पा.१ | रु.१,००,०००।- | मर्मत सम्भार कोष |
| ९. | हात्तीधारा नगरकोटी ट्रष्ट निर्माण, द.न.पा.१ | रु.२,००,०००।- | मर्मत सम्भार कोष |
| १०. | पञ्चकन्या मा.वि.पूर्वाधार निर्माण, द.न.पा.८ | रु.२,००,०००।- | मर्मत सम्भार कोष |

प्रतिलिपि प्रमाणित